# पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकीको त्रैमासिक बुलेटिन (चौथो त्रैमासिक तथा वार्षिक)

## क्वारेन्टाइन बुलेटिन

Visit our website via QR code Scan

## पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर र यस मातहतका ४ वटा चेकपोस्टहरु, पशु क्वारेन्टाइन चेकपोस्ट, गड्डाचौकी, पशु क्वारेन्टाइन चेकपोस्ट, बेलौरी, पशु क्वारेन्टाइन चेकपोस्ट, धनगढी, पशु क्वारेन्टाइन चेकपोस्ट, दार्चुला अन्तर्गत आ. व. २०८२/८३ मा भएको आयात निर्यात र अबैध पैठारी नस्टको विवरण भएको





# क्वारेन्टाइन बुलेटिन


## १. आ. व. २०८२/८३ को वार्षिक अवधिमा पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकीको मातहतमा रहेका चेकपोस्ट बाट भएको आयात र निर्यात विवरणः

| सि.न. | विवरण | इकाई | २०८२/८३ को जम्मा आयात | २०८२/८३ को जम्मा निर्यात |
|---|---|---|---|---|
| १ | माछाको दाना | मे.ट. | १९१२.३५ | |
| २ | गाई भैसी बाख्राको दाना | मे.ट. | २७० | |
| ३ | फिड सप्लिमेन्ट | मे.ट. | १४८ | |
| ४ | Soya lecithin | मे.ट. | १३५ | |
| ५ | कुकुर बिरालो | संख्या | | २ |

## २. आ. व. २०८२/८३ को चौथो त्रैमासिक अवधि वार्षिक वार्षिक अवधिमा पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकीको मातहतमा रहेका चेकपोस्ट बाट भएको पशु स्वास्थ्य जाँच विवरण र क्वारेन्टाइन जाँच विवरणः

| विवरण | इकाई | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पशु स्वास्थ्य जाँच (लिलाम प्रयोजन) | पटक | ३ | ६ | १ | ७ | १ | १४ | ८ | २ | ७ | ६ | ६ | ७ | ६८ |
| पशु स्वास्थ्य जाँच (निर्यात लगायत) | संख्या | ४ | १० | ३ | १८ | ४८ | १३ | १८ | २८ | ९७ | ८३८ | १५० | ६० | १२८७ |
| क्वारेन्टाइन जाँच | पटक | १६ | १५ | ११ | ५ | ४ | ४ | २ | ४ | १० | ७ | १४ | १६ | १०८ |

## ३. आ. व. २०८२/८३ को वार्षिक अवधिमा पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकीको मातहतमा रहेका चेकपोस्ट बाट भएको अबैध नस्टको विवरणः




## चौथो त्रैमासिक अवधिमा संचालित मुख्य कार्यक्रमहरुः

### १. खोरेत रोग नियन्त्रणका लागि क्वारेन्टाइन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत अबैध पैठारी नियन्त्रण कार्यदल, ४ वटा चेकपोस्टमा गठन र परिचालन साथै खोरेत रोगका बारेमा सिमा क्षेत्रमा कार्यरत सुरक्षाकर्मी तथा पशु हाटबजारमा सचेतना साथै पशुहाट बजारमा निःसंक्रमण गर्ने तरिका प्रदर्शन र निः संक्रमणका सामग्री वितरण सम्पन्न भयो ।

कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८७७७१३२ सूचना अधिकारीः-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्टः-९८५८७८७१३५ दार्चुला चेकपोस्टः९८५८७८७१३७
इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com

# क्वारेन्टाइन बुलेटिन






## २. जुनोटिक रोग र क्वारेन्टाइन सम्बन्धि स्कुल शिक्षा कार्यक्रमः

कंचनपुर, कैलाली र दार्चुला जिल्लाका विभिन्न २१ वटा स्कुलहरुका करिव १५०० विद्यार्थीहरुमा क्वारेन्टाइन, रेविज तथा अन्य जुनोटिक रोगका बारेमा सचेतना सम्पन्न भयो।





## ३. सिमानामा संचालित फर्महरुमा बर्ड फ्लु तथा अन्य सीमाविहीन रोगहरुको सर्भिलेन्स तथा रेपिर्ड जाँचः

कंचनपुर र कैलाली जिल्लाका सिमा क्षेत्रमा संचालित कुखुरा फर्ममा बर्डफ्लुको रेपिर्ड जाँच र गाई भैसी, भेडा बाखाको खोरेत, पि.पि.आर. रोगको सर्भिलेन्सका लागि नमुना संकलन ।



## ४. चौकीडाडाँ कैलाली तथा टिकापुर कैलालीमा लाग्ने सप्ताहिक हाट वजारबाट नमूना संकलन तथा प्रेषणः

समय समयमा पशुहरुमा महामारीको रुपमा फैलिने खोरेत लगायत विभिन्न संक्रामक रोगहरुको नियन्त्रणका लागी पशु हाटवजार चौकीडाडा र टिकापुर कैलाली लगायत पशु फर्महरुबाट नमूना संकलन गरी कार्यालयमा उपलब्ध स्रोत साधन अनुसार यथास्थानमै RAPID TEST KIT को सहायताले नमूना परीक्षण गरी रोग भए नभएको यकिन गर्ने साथै रोग पहिचानका अन्य विधि प्रविधिको प्रयोगका लागी खोरेत तथा सिमा विहिन पशु रोग अन्वेषण प्रयोगशाला र पशु पन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी कैलालीमा नमूना पठाई परीक्षण गर्ने सो को नतिजा सम्बन्धित कृषकलाई उपलब्ध गराउने कार्य सम्पन्न भयो ।






कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८७७७१३२ सूचना अधिकारीः-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्टः-९८५८७८७१३५ दार्चुला चेकपोस्टः९८५८७८७१३७
इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com

**आयात जोखिम विश्लेषण (Import Risk Analysis)**

आयात जोखिम विश्लेषण भनेको के हो?

पशु, पशुजन्य उत्पादन, आनुवंशिक सामग्री, दाना, जैविक पदार्थ वा रोगजन्य नमूना आयात गर्दा कुनै रोग देशभित्र प्रवेश गर्न सक्ने सम्भावना रहन्छ। यस सम्भावित जोखिमको वैज्ञानिक मूल्याङ्कन गर्ने प्रक्रियालाई आयात जोखिम विश्लेषण (Import Risk Analysis) भनिन्छ। यसको मुख्य उद्देश्य आयातसँग सम्बन्धित रोगको जोखिम पहिचान गरी वैज्ञानिक आधारमा उपयुक्त स्यानिटरी (Sanitary) उपाय निर्धारण गर्नु हो। यस प्रक्रियामा प्रयोग गरिएका तथ्य, प्रमाण, विधि तथा निष्कर्ष पारदर्शी र स्पष्ट हुनुपर्छ। जोखिम विश्लेषणका चार मुख्य अवयवहरु:




**चार अवस्थाहरु:**

- Hazard Identification (जोखिमको स्रोत पहिचान)
- Risk Assessment (जोखिम मूल्याङ्कन)
- Risk Management (जोखिम व्यवस्थापन)
- Risk Communication (जोखिम सञ्चार)

### १. Hazard Identification (जोखिमको स्रोत पहिचान)

यस चरणमा आयात हुने वस्तुसँग सम्बन्धित सम्भावित रोगजनक (Virus, Bacteria, Parasite आदि) को पहिचान गरिन्छ।

यस क्रममा निम्न पक्षहरू अध्ययन गरिन्छ:

- ❖ रोग निर्यात गर्ने देशमा छ वा छैन?
- ❖ आयात गर्ने देशमा रोग पहिलेदेखि छ वा छैन?
- ❖ रोग नियन्त्रण वा उन्मूलन कार्यक्रम लागू छ वा छैन?

यदि कुनै रोगजन्य जोखिम पहिचान नै भएन भने थप जोखिम मूल्याङ्कन आवश्यक पर्दैन।

### २. Risk Assessment (जोखिम मूल्याङ्कन)

जोखिम मूल्याङ्कन गुणात्मक (Qualitative) वा परिमाणात्मक (Quantitative) दुवै हुन सक्छ। यसको उद्देश्य रोग प्रवेश गर्ने सम्भावना र त्यसका असरहरूको वैज्ञानिक अनुमान गर्नु हो।

यसका चार चरण छन्:

#### (क) Entry Assessment

रोगजन्य जीव आयातमार्फत देशभित्र प्रवेश गर्ने सम्भावना मूल्याङ्कन गरिन्छ। यसमा हेर्ने प्रमुख पक्षहरू

- पशुको प्रजाति, उमेर तथा स्वास्थ्य अवस्था
- खोप, परीक्षण तथा क्वारेन्टाइन
- निर्यात गर्ने देशको रोग अवस्था
- वस्तुको प्रकार तथा परिमाण
- ढुवानी र भण्डारण अवस्था

# क्वारेन्टाइन बुलेटिन

यदि प्रवेशको जोखिम नगण्य देखिएमा अर्को चरण आवश्यक नहुन सक्छ।

### (ख) Exposure Assessment

देशभित्र प्रवेश गरेपछि मानिस वा पशुमा रोगको सम्पर्क हुने सम्भावना अध्ययन गरिन्छ।

मुख्य आधार

- ✓ रोगजनकको विशेषता
- ✓ सम्भावित वाहक (Vector)
- ✓ जनसंख्या
- ✓ वातावरण
- ✓ आयातित वस्तुको प्रयोग
- ✓ फोहोर व्यवस्थापन

जोखिम नगण्य भएमा मूल्याङ्कन यही चरणमा समाप्त गर्न सकिन्छ।

### (ग) Consequence Assessment

यदि रोग फैलियो भने त्यसबाट हुने असरहरूको मूल्याङ्कन गरिन्छ।

**प्रत्यक्ष असर**

- ✓ पशुमा रोग
- ✓ उत्पादनमा कमी
- ✓ जनस्वास्थ्यमा असर

**अप्रत्यक्ष असर**

- ✓ निगरानी तथा नियन्त्रण खर्च
- ✓ क्षतिपूर्ति
- ✓ अन्तर्राष्ट्रिय व्यापारमा असर
- ✓ वातावरणीय प्रभाव

### (घ) Risk Estimation

Entry, Exposure र Consequence Assessment बाट प्राप्त नतिजालाई एकीकृत गरी समग्र जोखिमको स्तर निर्धारण गरिन्छ। यसका आधारमा आयातसम्बन्धी निर्णय गरिन्छ।

## ३. Risk Management (जोखिम व्यवस्थापन)

जोखिम स्वीकार्य स्तरमा राख्न आवश्यक स्यानिटरी उपाय लागू गर्ने प्रक्रियालाई जोखिम व्यवस्थापन भनिन्छ। यसका मुख्य चरणहरू

- ✓ जोखिमको मूल्याङ्कन
- ✓ उपयुक्त नियन्त्रण उपाय छनोट
- ✓ कार्यान्वयन
- ✓ निरन्तर अनुगमन तथा समीक्षा

WOAH ले सिफारिस गरेका अन्तर्राष्ट्रिय मापदण्डहरू जोखिम व्यवस्थापनका लागि प्राथमिक आधार मानिन्छन्।

## ४. Risk Communication (जोखिम सञ्चार)

जोखिम विश्लेषणका सम्पूर्ण जानकारी सम्बन्धित निकाय, निर्णयकर्ता तथा सरोकारवालाबीच खुला, पारदर्शी र वैज्ञानिक रूपमा आदान प्रदान गर्ने प्रक्रियालाई जोखिम सञ्चार भनिन्छ। यसमा

- ❖ तथ्यमा आधारित सूचना आदान—प्रदान
- ❖ अनिश्चितताको स्पष्ट उल्लेख
- ❖ वैज्ञानिक समीक्षा (Peer Review)
- ❖ सरोकारवालाको सहभागिता महत्त्वपूर्ण मानिन्छ।

(स्रोत: विश्व पशु स्वास्थ्य संगठनको Terrestrial Animal Health Code 2024)

कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८७७७१३२ सूचना अधिकारीः-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्टः-९८५८७८७१३५ दार्चुला चेकपोस्टः९८५८७८७१३७
इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com